सम्पर्क नं. : ०२५५४००२४

स्थानीय सरकार

# दुहबी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दुहबी, सुनसरी
कोशी प्रदेश, नेपाल

प. स. :-२०८१/८२
च. नं. :- ४६८८

मितिः २०८२।०२।०७

श्री सम्पूर्ण विद्यालयहरु
दुहवी नगरपालिका, सुनसरी ।

**विषयः सीप उत्सव २०८२ मा सहभागिता सम्वन्धमा ।**

प्रस्तुत विषयमा उद्योग संगठन मोरङको च.नं. २०८१/८२ मिति २०८२।०२।०४ को प्राप्त पत्रानुसार सामाजिक विकास मन्त्रालय कोशी प्रदेश, उद्योग संगठन मोरङ र इन्स्योर हेल्भेटासको संयुक्त आयोजनामा हुन गइरहेको सीप उत्सव २०८० तपसिलको मिति स्थान र समयमा हुन गइरहेको उक्त उत्सवमा यस नगरपालिका अन्तर्गतका विद्यालयहरुबाट इच्छुक शिक्षक तथा विद्यार्थीहरु सहभागी भई/ गराई सीप सम्बन्धी जानकारी र लाभ उठाउनुहुन जानकारी गराईन्छ । थप जानकारी यसै साथ संलग्न पत्रअनुसार प्राप्त गर्न सकिने छ ।

**तपसिल**

मितिः २०८२।०२।१० गते शनिवार
स्थानः उद्‌योग संगठन मोरङको सचिवालय, तीनपैनी, विराटनगर ।

विकास घिमिरे
विकास घिमिरे
अधिकृत आठौं (शिक्षा)

# उद्योग संगठन मोरङ
## CHAMBER OF INDUSTRIES, MORANG
(An ISO 9001:2000 Certified Organisation)

मेरो देश मेरै उत्पादन

आर्थिक विकासको मूल आधार, सह - अस्तित्व उद्योग र व्यापार

प. स. ..................

च. नं. २०८१/८२          मिति २०८२।०२।०४

(उद्योग संगठन मोरङ, स्था.-२०२४, विराटनगर)

श्री शिक्षा, युवा तथा खेलकुद शाखा
श्री दुहवी नगरपालिका
दुहवी, सुनसरी

**विषय : सीप उत्सव २०८२ मा सहभागिताका लागि ।**

महोदय,

प्रस्तुत विषयमा सामाजिक विकास मन्त्रालय, उद्योग संगठन मोरङ, ईन्स्योर-हेल्भेटासको संयुक्त आयोजनामा सीप उत्सव २०८२ हुन गईरहेको सहर्ष जानकारी गराउँदछु ।

यसै सन्दर्भमा, निम्न मिति, समय र स्थानमा हुने यस उत्सवको सूचना सम्प्रेषणका साथै तहा नगरपालिका/शाखा अन्तर्गतका संस्थागत तथा सामुदायिक शिक्षालयहरुबाट कक्षा ८ देखि माथिका विद्यार्थीहरु सहित सि.जि.टी. प्रशिक्षक एवम् अन्य शिक्षकहरुको सहभागिताको सुनिश्चितताका लागि आवश्यक सहजीकरण गरी दिन हुन हार्दिक अनुरोध गर्दछु ।

**तपशिल**

क) वृत्ति परामर्श (करियर काउन्सिलिङ) र लाईभ ट्रेनिङ (ई.सि.डि.एफ, सुचना प्रविधि, होटल म्यानेजमेण्ट)

**पहिलो सत्र विहान : १०:३० बजे**
**दोस्रो सत्र दिउसो : १२:३० बजे**
**तेस्रो सत्र दिउसो : २:३० बजे**

(यस सत्रमा सहभागिताका लागि आफ्नो शिक्षालय, शिक्षक र विद्यार्थी संख्या टिपाई सहयोग गरिदिनुहुन)

ख) अन्तर-शिक्षालय सीप प्रतिस्पर्धा (सुचना प्रविधि, होटल म्यानेजमेण्ट, अटोमोबाईल)

**मिती** : २०८२/०२/१० गते शनिबार

**स्थान** : उद्योग संगठन मोरङको सचिवालय, तीनपैनी, विराटनगर

**थप जानकारीका लागि :**

१. सन्दीप चौधरी ९८२८०१५९५८
२. घनश्याम लिम्बु ९८४००६८८०४

(दुहवी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, दर्ता नं. ९९९४, दर्ता मिति: २०८२।२।६)

Chuda

चुडामणि भट्टराई
महानिर्देशक

P. O. Box No. : 233, Sahid Marga, Biratnagar -2, Nepal
Ph. No : 021-515712, 574426, 577646, 511449

STOP CHILD